सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

(स्वतः प्रकाशन)

# आर्थिक वर्ष ०८२/०८३
# तेश्रो त्रैमासिक (माघ-चैत) को कार्यालय सम्वद्ध अद्यावधिक सूचना विवरण

## लुम्बिनी प्रदेश सरकार
## उद्योग, पर्यटन तथा यातायात मन्त्रालय
## उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
### सिद्धार्थनगर, रुपन्देही

**फोनः ०७१-५७०३०४, ०७१-७३५१९**

**इमेलः iccwdp5@gmail.com**

**वेभसाइटः http://diccp.lumbini.gov.np**

**निकायको नाम र ठेगानाः उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सिद्धार्थनगर, रुपन्देही**

## (क) निर्देशनालयको स्वरुप र प्रकृतिः

उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सिद्धार्थनगर, रुपन्देही, प्रदेश सरकार लुम्बिनी प्रदेश, उद्योग पर्यटन तथा यातायात मन्त्रालय अन्तर्गत लुम्बिनी प्रदेशका कार्यालयहरु मध्येको एक हो।

यस निर्देशनालयको मुख्य उद्देश्य प्रदेश भित्रका औद्योगिक, वाणिज्य, तथा उपभोक्ता अधिकारसम्बन्धी कार्यहरूलाई सुव्यवस्थित, नियमित र पारदर्शी बनाउन सहयोग पुऱ्याउनु हो । निर्देशनालयले उद्योग तथा वाणिज्य दर्ता, अनुगमन, नवीकरण, बजार व्यवस्थापन, उपभोक्ता संरक्षण, मूल्य नियन्त्रण र गुणस्तर सुनिश्चिततामा नीतिगत तथा कार्यगत भूमिका निर्वाह गर्छ।

**स्वरुपः**

- निर्देशनालय सामान्यतः लुम्बिनी प्रदेश सरकारको उद्योग, पर्यटन, यातायात मन्त्रालय अन्तर्गत रहेको छ।
- निर्देशक (Director) प्रमुख प्रशासनिक अधिकारीका रुपमा रहने व्यवस्था छ।
- मातहतमा लुम्बिनी प्रदेश अन्तर्गतका जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालयहरु पर्ने गर्दछन्।
- कार्य सम्पादन: नीति कार्यान्वयन, तालिम कार्यक्रम, उद्योग तथा वाणिज्य फर्म दर्ता, नवीकरण, सिफारिस तथा उद्योग, वाणिज्य तथा बजार अनुगमन आदि।

**प्रकृतिः**

उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको प्रकृति निम्नानुसार व्याख्या गर्न सकिन्छ:

- **सेवामूलक**: यस निर्देशनालयको उद्देश्य सेवामूलक कार्यहरू जस्तैः उद्योग तथा वाणिज्य फर्मदर्ता, सिफारिस, प्रवर्द्धन, विभिन्न प्रशिक्षण, अनुगमन आदि गर्नु हो।
- **समुदायमुखी**: यसको सेवा अधिकतम रूपमा उद्योगी, व्यवसायी तथा उत्पादनमूलक उद्योग एवं वाणिज्य/बजार र उपभोक्ता हितसँग केन्द्रीत हुन्छ।

- **विकासमुखी**: यसले प्रदेश भित्रका विभिन्न उद्योग तथा व्यवसायलाई सुदृढ बनाउँदै रोजगारी सृजना र आर्थिक विकासमा योगदान पुऱ्याउन मद्दत गर्दछ ।
- **प्रशासनिक तथा प्राविधिक**: कार्यालयले उद्योग, वाणिज्य सम्बन्धी प्रशासनिक कार्य मात्र होइन, उद्योग, वाणिज्य व्यापारसँग सम्बन्धित सचेतनामूलक क्रियाकलापहरु सञ्चालन गर्दछ । हाल प्राविधिक जनशक्तिको पदपूर्ति नभएको हुँदा प्राविधिक सेवा तर्फका सेवाहरु उपलब्ध गराउन नसकिएको ।

## (ख) निर्देशनालयको काम, कर्तव्य र अधिकार:

- नियमानुसार उद्योग तथा वाणिज्य फर्महरु रजिष्ट्रेशन गर्ने ।
- वाणिज्य प्रशासन तथा स्थानीय व्यापार सम्बन्धी कार्य गर्ने फर्म रजिष्ट्रेशनका साथै अन्य कार्यहरु गर्ने ।
- दर्ता भएका उद्योग तथा व्यवसायहरुको नियम अनुसार नवीकरण गर्ने ।
- विभिन्न फर्महरुको पूँजी तथा क्षमता वृद्धि, उद्धेश्य संसोधन, खारेजी आदि उद्योग तथा वाणिज्य प्रशासन सम्बन्धी कार्यहरु गर्ने ।
- Exim Code सिफारिस गर्ने ।
- प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी कार्य गर्ने ।
- बजार अनुगमन गरी सरल र सहज बजार बजार व्यवस्थापनमा सहजीकरण गर्ने ।
- घरेलु तथा साना उद्योगहरुको औधोगिक तथ्याङ्क अध्यावधिक गर्ने ।
- उद्योगको सुविधा सिफारिस सम्बन्धी कार्य गर्ने ।
- मेला महोत्सवमा उद्यमीहरुलाई सहभागी गराउने कार्य गर्ने ।
- दैनिक प्रशासनिक कार्यहरु तथा तालुक निकायबाट प्रत्यायोजित अन्य सम्पूर्ण सेवाहरु ।

## (ग) निर्देशनालयमा रहने कर्मचारी संख्या र कार्य विवरणः

यस निर्देशनालयको कर्मचारी दरवन्दी तथा पदपूर्ति र रिक्त पदको विवरण देहायबमोजिम रहको छः

| क्र. सं. | पद | सेवा | समूह | श्रेणी/तह | नेपाल सरकारबाट स्वीकृत | प्रदेश सरकारबाट स्वीकृत | प्रस्तावित | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | निर्देशक | प्रदेश प्रशासन | सामान्य प्रशासन | अधिकृत नवौ/दशौ | १ | ० | १ | १ | ० | |
| २ | शाखा अधिकृत/वरिष्ठ शाखा अधिकृत | प्रदेश प्रशासन | सामान्य प्रशासन | अधिकृत सातौ/आठौ | ३ | ० | ३ | २ | १ | |
| ३ | ईन्जिनियर | प्रदेश ईन्जिनियरिङ्ग | जियोलोजी | अधिकृत सातौ/आठौ | १ | ० | १ | ० | १ | |
| ४ | ईन्जिनियर | प्रदेश ईन्जिनियरिङ्ग | सिभिल | अधिकृत सातौ/आठौ | ० | १ | १ | ० | १ | थप |
| ५ | वातावरण निरीक्षक/ब.बा.नि | प्रदेश वन | वातावरण | अधिकृत सातौ/आठौ | ० | १ | १ | ० | १ | थप |
| ६ | ब.प्र.स./अधिकृत | प्रदेश प्रशासन | सामान्य प्रशासन | स.पाँचौ/अ. छैटौं | ६ | ० | ६ | ५ | १ | |
| ७ | लेखापाल/अधिकृत (लेखा) | प्रदेश प्रशासन | लेखा | स.पाँचौ/अ. छैटौं | १ | ० | १ | १ | ० | |
| ८ | सव ईन्जिनियर/अधिकृत | प्रदेश इन्जिनियरिङ्ग | जियोलोजी | पाँचौ/अ.छैटौं | २ | ० | २ | ० | २ | |
| ९ | ह.स.चा. | प्रदेश इन्जिनियरिङ्ग | मेकानिकल | श्रेणीविहीन | ० | १ | १ | १ | ० | साविक |
| १० | कार्यालय सहयोगी | प्रदेश प्रशासन | सामान्य प्रशासन | श्रेणी विहिन | ० | १ | १ | १ | ० | साविक |
| **जम्मा** | | | | | **१४** | **४** | **१८** | **११** | **७** | |

## (घ) निर्देशनालयबाट प्रदान गरिने सेवाहरुः

- **उद्योग दर्ता**

  -दर्ताको लागि आवश्यक कागजातहरुः
  - नेपाली नागरिकताको प्रमाणपत्र
  - दरखास्त ख फारम
  - कम्पनी भए सो सँग सम्बन्धित सम्पूर्ण अध्यावधिक कागजातहरु
  - जग्गा धनी पुर्जा र घरभाडा सम्झौता
  - स्थानीय तहको सिफारिस र सर्जमिन मूचुल्का (उद्योगको प्रकृति हेरी)
  - आवश्यक्ता अनुसार अन्य निकायको सिफारिस

पुनः अनुमति लिनु पर्ने र IEE गर्नुपर्ने उद्योगको हकमा अनुमति पत्र तथा स्वीकृत IEE प्रतिवेदन

- **उद्योग नविकरण** ( आवश्यक कागजातहरु)
    - उद्योग दर्ता प्रमाणपत्र
    - अघिल्लो आर्थिक वर्षको करचुक्ताको प्रमाणपत्र
    - लेखापरिक्षण प्रतिवेदन
    - आवश्यकता अनुसार सम्बन्धित निकायका सिफारिस
- **पूँजी बृद्धि, क्षमता बृद्धि र उद्धेश्य परिवर्तन** ( आवश्यक कागजातहरु)
    - संसोधित ख फारम र पूँजीबृद्धि गर्नाका कारण सहित निवेदन
    - संसोधित स्किम
    - IEE/EIA स्वीकृत गराउनुपर्ने उद्योगको हकमा संसोधित IEE/EIA स्वीकृत भएको प्रतिवेदन
- **उद्योगको ठाउँसारी**( आवश्यक कागजातहरु)
    - ठाउँसारी गर्नुपर्ने कारण सहितको निवेदन र ख फारम
    - IEE/EIA स्वीकृत गराउनुपर्ने उद्योगको हकमा संसोधित IEE/EIA स्वीकृत भएको प्रतिवेदन
    - अन्य निकायको सिफारिस वा स्वीकृति लिनु पर्ने भए सो समेत
- **उद्योगको नामसारी** ( आवश्यक कागजातहरु)
    - नामसारी गर्नुपर्नेको मनासिव कारण खुलेको निवेदन र ख फारम
    - उद्योग दर्ता प्रमाण पत्र
    - सम्बन्धित आन्तरिक राजश्व कार्यालयको सकारात्मक प्रतिक्रिया
    - सनाखत सहितको हक छोडपत्र
    - नामसारी गरी लिनेको नागरिकताको प्रमाणपत्र ।

- **वाणिज्य फर्म दर्ता** ( आवश्यक कागजातहरु)
    - पूर्णरुपमा भरेको दरखास्त फारम र स्वघोषणा फारम
    - नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी
    - जग्गा धनी प्रमाणपत्र र भाडाको कागजात
    - अन्य निकायको सिफारिस वा स्वीकृति लिनु पर्ने भए सो समेत

## (ङ)सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारीः

| क्र.स. | कर्मचारीको नाम/थर | पद | कार्यरत फाँट |
|---|---|---|---|
| १. | शारदा बस्याल बेल्वासे | निर्देशक | कार्यालय प्रमुख |
| २. | श्री पुष्पराज पाण्डे | वरिष्ठ शाखा अधिकृत | उद्योग तथा वाणिज्य प्रशासन शाखा |
| ३. | श्री अष्टराज गौतम | वरिष्ठ शाखा अधिकृत | प्रशासन योजना तथा अनुगमन शाखा |
| | | | उद्यम विकास तथा उपभोक्ता हित संरक्षण शाखा |
| ४. | श्री नारायण अर्याल | अधिकृत | प्रशासन योजना तथा अनुगमन शाखा |
| ५. | श्री नर बहादुर अर्याल | अधिकृत | उद्योग तथा वाणिज्य प्रशासन शाखा |
| ६. | श्री बिकास गौतम | अधिकृत | प्रदेश लोक सेवा आयोगमा कामकाज |
| ७. | श्री रेखा कार्की के.सी. | अधिकृत | जिन्सी शाखा |
| ८. | श्री सुबास पौडेल | अधिकृत | प्रशासन योजना तथा अनुगमन शाखा |
| | | | उद्यम विकास तथा उपभोक्ता हित संरक्षण शाखा |
| ९. | श्री मोहन राना | लेखापाल | आर्थिक प्रशासन शाखा |
| १०. | श्री जीवन घिमिरे | वरिष्ठ प्रशासन सहायक | यातायात व्यवस्था कार्यालयमा कामकाज |

## (च)सेवा प्रवाह गर्न लाग्ने दस्तुर र अवधिः

प्राइभेट फर्म दर्ता गर्दा लाग्ने राजश्व

| कार्य | लाग्ने दस्तुर | अवधि |
|---|---|---|
| प्राइभेट फर्म दर्ता<br>➢ ५ करोड भन्दा माथि १० करोडसम्म स्थिर पूँजी भएको उद्योग<br>➢ ५ करोड भन्दा माथि १० करोडसम्म स्थिर पूँजी भएको वाणिज्य फर्म | २५०००/- | प्रक्रिया पुगेकै दिन। |
| उद्योग दर्ता गर्दा महिला, दलित, अपाङ्गता भएका व्यक्तीलाइ दर्ता शुल्कमा ५० प्रतिशत छुट, प्रत्येक उद्योग दर्ता गर्दा रु १००/- दरखास्त दस्तुर लाग्नेछ। प्रा.लि./कम्पनी सूचिकृत रु. १००/- | | |

| |
|---|
| दरखास्त दस्तुर मात्र लाग्ने छ। |

| **अन्य कार्यहरु** | **दस्तुर** | **कैफियत** |
|---|---|---|
| प्रा.फ. तथा सा.फ. नामसारी, ठाउँसारी, उद्धेश्य संसोधन, Exim code सिफारिस | रु. १००/- | निवेदन दस्तुर |
| प्रतिलिपि | रु. १०००/- | |
| पूँजीवृद्धि | दर्ता तथा साविकको पूँजी बमोजिमको शुल्क | |
| प्रा.फ./सा.फ. खारेजी | रु. १००/- निवेदन दस्तुर | नवीकरण म्याद समाप्त भएको फर्म खारेजी गर्नुपूर्व नियमानुसार लाग्ने दस्तुर दाखिला गरी खारेजीको प्रकृयामा जानेछ। |

## (छ) **निर्णय गर्ने प्रक्रिया र अधिकारी:**

प्रचलित कानून बमोजिम हुने गरेको।

## (ज) **निर्णय उपर उजुरी सुन्ने अधिकारी:**

उद्योग तथा वाणिज्य प्रशासन सम्बन्धी कार्यहरुको निर्णय उपर तथा अन्य कार्यालयका निर्णयहरुप्रति उजुरी सुन्ने अधिकारी कार्यालय प्रमुखको रहेको छ।

## (झ) **सम्पादन गरेको कामको विवरण:**

- यस निर्देशनालयको वेभसाइट सूचारु नभएकोले सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान, लुम्बिनी प्रदेशसँग समन्वय गरी नयाँ वेभसाइटको अपडेट गरी सञ्चालन गरिएको,

- रुपन्देही, कपिलबस्तु तथा नवलपरासी, रोल्पा र प्यूठान जिल्लाका विभिन्न बजार क्षेत्रमा संयुक्त बजार अनुगमन गरिएको,
- Exim code को सिफारिस।
- यस निर्देशनालयको विमा गरिएको लु १ झ ५०७ नं. को TATA XENON पिकअप गाडीको विमा दावी प्रयोजनको लागि यातायात व्यवस्था कार्यालय, सवारी रुपन्देही बाट लगतकट्टा गरी विमा कम्पन्नीमा दावी भुक्तानी लाई दाखिला गरिएको।

- खाद्य स्वच्छता तथा सुरक्षा सम्बन्धमा सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम कपिलबस्तुमा सम्पन्न भएको,
- एघारौं उद्योग दिवस रुपन्देहीमा भव्यताका साथ रुपन्देही जिल्लामा सम्पन्न गरिएको,
- खाद्य स्वच्छता तथा सुरक्षा सम्बन्धमा सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम नवलपरासीमा (ब.सु.प) सम्पन्न भएको,
- रोल्पा, प्यूठान, अर्घाखाँचि,दाङ, बाँके र बर्दिया जिल्लाका विभिन्न क्षेत्रमा घरेलु तथा साना उद्योग कार्यालयसँग संयुक्त उद्योग अनुगमन गरिएको,
- विश्व उपभोक्ता अधिकार दिवस भव्यताका साथ सम्पन्न गरिएको,
- लुम्बिनी प्रदेश भित्रका १२ जिल्लाका आ.व.२०८१/०८२ मा दर्ता भएका उद्योगहरुको विवरण माग भए बमोजिम तयार गरि उद्योग विभाग काठमाण्डौमा पठाईएको,
- यस निर्देशनालय मातहतका जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालयहरुसँग पत्राचार तथा समन्वय गरी आश्विन महिनादेखिको मासिक प्रगति प्रतिवेदनलाई एकिकृत गरी प्रतिवेदन मन्त्रालयमा नियमित रुपमा हरेक महिनाको ७ गते भित्र पठाउने गरिएको,
- निर्देशनालय सम्बद्ध दैनिक प्रशासनिक कार्यहरु निरन्तर रुपमा गरिएको।

## (ञ)कार्यालय प्रमुख तथा सूचना अधिकारीको नाम, पदः

**कार्यालय प्रमुखको नामः** शारदा वस्याल बेल्वासे
निर्देशक
सम्पर्क नम्बरः ९८५११५२१२०



**सूचना अधिकारीको नामः** सुबास पौडेल
अधिकृत
सम्पर्क नम्बरः ९८४७१७९३७०



## (ट)ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः

- लुम्बिनी प्रदेश, औधोगिक व्यवसाय प्रवर्द्धन ऐन, २०८१
- प्राइभेट फर्म दर्ता ऐन, २०७६
- प्राइभेट फर्म दर्ता नियमावली, २०७६
- साझेदारी ऐन, २०७६
- साझेदारी नियमावली, २०७६
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५
- वातावरण संरक्षण ऐन, २०७६ र नियमावली, २०७७
- कार्यविधि दिग्दर्शन, २०७२

## (ठ) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण, रु.हजारमा

| सि.नं. | ब. उ. सि. नं. | बार्षिक विनियोजन रु | खर्च रु | प्रतिशत |
|---|---|---|---|---|
| १. | ३०७०१०११३ | १३६७१ | ७९५२.६३३ | ५८.१७ |
| २. | ३०७०१०११४ | ५४६ | १०७.९१५ | १९.७६ |
| ३. | ३०७०००१६३ | १३४० | २८४.७९५ | २१.२५ |
| ४. | ३०७०००१७३ | ३००० | ३८८.२५४ | १२.९४ |

## (ड) तोकिए बमोजिमका अन्य विवरणः

सामान्य ।

## (ढ) अघिल्लो आर्थिक बर्षमा कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरणः

नभएको ।

## (ण) कार्यालयको वेवसाइटः

उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको वेवसाइटः
http://diccp.lumbini.gov.np

**(त) प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः**

- नभएको ।

**(थ) सूचना माग सम्वन्धी निवेदन र सो उपर सूचना दिइएको विषयः**

- स्वतः प्रकाशन ।

**(द) सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरणः**

- उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको वेबसाइट तथा सूचना पाटीमा प्रकाशन हुने गरेको ।